# प्रेस विज्ञप्ती

## नेपाल इन्फ्रास्ट्रक्चर बैंकका अध्यक्षज्यूद्वारा शपथ ग्रहण




नेपालकै पहिलो राष्ट्रिय स्तरको पूर्वाधार विकास बैंकको रुपमा स्थापित नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको संचालक समितिको अध्यक्षमा नियुक्त हुनुभएका श्री अनुज अग्रवालज्यूले मिति २०७६ पौष २ गते नेपाल राष्ट्र बैंकका गभर्नर डा.चिरंजीबि नेपालज्यूबाट पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो । सो अवसरमा नेपाल राष्ट्र बैंकको तर्फबाट डेपुटी गभर्नर श्री चिन्तामणि सिवाकोटीज्यू, कार्यकारी निर्देशक श्री देव कुमार ढकालज्यू निर्देशक गोविन्द नागिलाज्यू समेतको उपस्थिती रहेको थियो । त्यस्तै, नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडको तर्फबाट संचालक श्री चन्द्र प्रसाद ढकालज्यू, बैंकका नायव प्रमुख कार्यकारी अधिकृत श्री भुपेन्द्र पाण्डेज्यू र कम्पनी सचिव श्री इश्वर बन्धु गौतमज्यूको उपस्थिती रहेको थियो ।

बैंकको संचालक समितिमा नेपाल सरकारबाट मनोनित श्री रामशरण पुडासैनीज्यू हुनुहुन्छ भने श्री अनुज अग्रवालज्यू, श्री चन्द्र प्रसाद ढकालज्यू र श्री लालमणि जोशीज्यू हालै सम्पन्न बैंकको प्रथम वार्षिक साधारण सभाबाट संचालकमा निर्विरोध निर्वाचित हुनुभएको थियो ।